**बालबालिकालाई निमोनियाबाट जोगाऔं**

निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमितरूपमा लगाइने खोपहरू लगाऔं।
- आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं।
- धूलो, धूवाँ, चीसो तथा प्रदूषणबाट बचाऔं।
- सरसफाइमा उचित ध्यान दिऔं।
- सङ्क्रमण भएमा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर ०५ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 20 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८२

## इयरहेड कटिङ पिलर कीराबारे बुझ्न विज्ञ टोली खेतमा
## फौजी कीराकै एक प्रजाति भएको पुष्टि

धर्मेन्द्र चौरसिया, पोखरिया, ४ मङ्सिर/

पर्सा जिल्लाका विभिन्न पालिकाहरूमा अज्ञात कीराले धानबालीलाई क्षति पुर्‍याएको विषयमा मधेस प्रदेश सरकारबाट खटिएको टोलीले मङ्गलवार बहुदरमाई नगरपालिकाको अनुगमन गरेको छ।



विज्ञ टोली खेतमा। तस्वीरः प्रतीक

पर्सा जिल्लाको गण्डक नहरको उत्तरतर्फ रहेका ठोरी, जीराभवानी, पटेर्वासुगौली, पर्सागढीलगायतका थरुहट क्षेत्रमा इयरहेड कटिङ पिलर कीराको प्रकोप नरहेको तर दक्षिणतर्फ बझियान क्षेत्रका बहुदरमाई, पोखरिया नपा, सखुवाप्रसौनी, विन्ध्यवासिनी, छिपहरमाई, धोबिनी, पकाहामैनपुर, कालिकामाई गापामा इयरहेड कटिङ पिलर कीराले व्यापक क्षति पुर्‍याएको प्रतीक दैनिकले समाचार प्रकाशन गरेपछि आज मधेस प्रदेश सरकार अन्तर्गतको कृषि मन्त्रालयले तीन सदस्यीय विज्ञको टोली पठाएको र उनीहरूले इयरहेड कटिङ पिलर कीराको प्रकोप सबैभन्दा बढी देखिएको बहुदरमाई नपामा आज अनुगमन गरेको कृषि ज्ञान केन्द्र, पर्साका प्रमुख कमलदेवप्रसाद कुशवाहाले बताए।

प्रमुख कुशवाहाले विज्ञहरूको टोलीले इयरहेड कटिङ पिलर कीरा भएको र यो फौजी कीराकै प्रजातिमध्ये एक भएको दाबी गरेको बताए। विज्ञहरूको टोलीले कीरा लागेको खेतमा पुगेर अनुसन्धान गरेको थियो भने पीडित किसानहरूसँग पनि यसबारेमा बुझेका थिए।

अहिले इयरहेड कटिङ पिलर कीराको प्रकोप पर्सा, बारा र रौतहटमा देखिएको छ। दिनभरि धानको बोटमुनि बस्ने र राति सक्रिय हुने गरेको इयरहेड कटिङ पिलर कीराविरुद्ध कीटनाशक औषधि खरीदको प्रक्रिया शुरू भएको र एकाध दिनमैं किसानहरूको हातमा पुग्ने केन्द्रका प्रमुख कुशवाहाले बताए। मन्त्रालयसँग यसबारेमा कुराकानी भएको र अविलम्ब औषधि पठाउने आश्वासन पाएको र सोही अनुसार किसानहरूलाई उपलब्ध हुने उनले बताए।

दिनभरि धानको बोटमुनि बस्ने र राति सक्रिय हुने इयरहेड कटिङ पिलर कीराले किसानहरूले लगाएका धानबालीलाई व्यापक क्षति पुर्‍याउँदै आएको छ। कीराको कारण किसानहरूले धानबाली काटेर धमाधम भित्र्याउँदै गरेको बुझिन आएको छ। बालालाई काटेर खेतमा झार्ने गरेकाले ठूलो मात्रामा धानबालीको क्षति भइरहेको स्थानीय किसानहरू बताउँछन्।

अनुगमनमा बाली संरक्षण प्रयोगशाला सिराहाका प्रमुख मोहन महतो, बाली संरक्षण अधिकृत उमेश थापा र कृषि प्राविधिक लक्ष्मी अधिकारी आएका छन्। बिहीवार थप एकजना विज्ञ इयरहेड कटिङ पिलर कीराको क्षति अनुगमन गर्न आउने केन्द्रका प्रमुख कुशवाहाले बताए।

## गढीमाई मेलामा ११ हजार राँगाको बलि चढ्ने अनुमान

प्रस, परवानीपुर, ४ मङ्सिर/

पशुबलिका लागि विश्वमा प्रसिद्ध बारा जिल्ला महागढीमाई नगरपालिकाको बरियारपुरस्थित गढीमाई मेलामा यस वर्ष ११ हजारभन्दा बढी राँगाको बलि चढ्ने अनुमान गरिएको छ। मेला समिति मातहतको बलि व्यवस्थापन उपसमितिका संयोजक प्रेमप्रसाद साहले प्रत्येक पाँच वर्षमा लाग्ने गरेको गढीमाई मेलामा यस वर्ष ११ हजारभन्दा बढी राँगाको बलि चढ्ने बताए। उनले यस अघिको मेला २०७६ सालमा करीब १० हजार राँगाको बलि चढेको र यो वर्षको मेलामा सोभन्दा बढी बलि चढ्ने दाबी गरे। उनले ११ हजार राँगाको बलि चढ्ने अनुमान गरिए अनुसार तयारी थालिएको बताएका छन्।

मन्दिरको पूर्वपट्टि रहेको कम्पाउन्डमा उचाइ अनुसारका चारवटा समूह बनाएर राँगाहरूलाई आहार खुवाउने, पानी पिलाउने र बलि दिइने राँगाको आवश्यक व्यवस्थापन गरिएको बताए। सोको लागि अहिले बाँसको घेरा लगाउने कार्य भइरहेको उनले बताए।

उनले बलिप्रथा रोक्न विभिन्न पशु अधिकारकर्मीले विरोध गरेको प्रश्नमा यो आस्था र परम्परासँग जोडिएकोले यस विषयमा आफूले केही बोल्न नमिल्ने बताए। उनले पशुबलि सकिएपछि फोहोरमैला र सिनो व्यवस्थापनको लागि भेटेरिनरी चिकित्सकहरूको टीमको



बलिका लागि तयार राँगा। फाइल तस्वीरः प्रतीक


सुझावमा व्यवस्थापनको काम गरिने बताए। मेलापछि पशुबलिका कारण मेला वरपरका ठाउँ दुर्गन्धित नहुनेगरी व्यवस्था मिलाइएको बताए।

उनले गढीमाई मेलामा राँगाबाहेक अन्य पशुबलिको तथ्याङ्क नहुने गरेको बताए। गढीमाई मन्दिरको चार किल्ला तोकिएको र बोकालगायतका पशुबलिका लागि मन्दिर क्षेत्रमा छुट्टै व्यवस्था हुन नसक्दा परम्परागतरूपमा चार किल्लाभित्र जुनसुकै स्थानमा पनि बोकालगायतका पशुको बलि दिन सकिने बताए। यही कारण बोकालगायतका बलिको तथ्याङ्क नहुने गरेको उनको भनाइ छ। यस वर्षको मेलामा मङ्सिर २३ (डिसेम्बर ८)का दिन राँगाको बलि र मङ्सिर २४ (डिसेम्बर ९) गतेका दिन बोकालगायत पशुबलिको मिति निर्धारण गरिएको छ। पञ्चवर्षीय गढीमाई मेलामा बलि अघि शुरूमा पूजा समारोहमा पञ्चबलि दिने र त्यसपछि मात्र राँगा अनि बोका लगायतको पशुबलि दिने परम्परा छ।

## बाघले आठवटा बाख्रा माऱ्यो, दुईवटा बाख्रा बेपत्ता
## थरगटीका मानिसहरू बाघको आतङ्कले त्रस्त

प्रमोद यादव, पंचगावाँ, ४ मङ्सिर/

पटेर्वासुगौली गाउँपालिका–२ थरगटीस्थित गादीमाई साझेदारी वन क्षेत्रमा बाघले आठवटा बाख्रा मारेको छ भने दुईवटा बाख्रा बेपत्ता पारेको छ। स्थानीय सत्यनारायण धागड र थमक महतो उराउ १० वटा बाख्रा लिएर जङ्गलमा चराउन गएकामा बाघले आक्रमण गरेको थियो।



बाघद्वारा मारिएका बाख्राहरू। तस्वीरः प्रतीक

सत्यनारायण धागडका सातवटा बाख्रामध्ये पाँचवटा बाख्रा र थमक महतो उराउका तीनवटा बाख्रा गरी आठवटा बाख्रालाई घाँटीमा आक्रमण गरेर मारेको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाले बताए। उनले सत्यनारायणको दुईवटा बाख्रा भने बाघको आक्रमणपछि हराइरहेको बताए।

बाख्रा चराउन गएका सत्यनारायण र थमक बाख्राभन्दा अलि टाढा रहेका र बाघले बाख्रालाई आक्रमण गरेपछि उनीहरू भागेर ज्यान जोगाएका थिए। केही दिनदेखि यो क्षेत्रमा बाघले आतङ्क मचाएको छ। स्थानीयले दुईवटा बाघले जनजीवन अस्तव्यस्त बनाएको बताए।

साँझ परेपछि घरमैं बस्ने र बिहान पनि ८ बजेपछि मात्र बाहिर निस्किरहेको बताए। तीन महीना अघि पनि यो क्षेत्रमा बाघले आतङ्क मच्चाएको थियो। आरक्षले बाघ नियन्त्रणका लागि प्रयास नगर्दा स्थानीयहरू त्रस्त हुनुपरेको छ।

## संस्थागत विद्यालयविरुद्ध विद्यार्थी सडकमा

प्रस, जनकपुरधाम, ४ मङ्सिर/

जनकपुरका संस्थागत विद्यालयहरूविरुद्ध जनकपुरधाममा विद्यार्थी सडकमा उत्रेका छन्। उनीहरूले मङ्गलवार विरोध प्रदर्शन गरेका छन्।

कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीसँग संस्थागत विद्यालयले मनोमानी शुल्क उठाउने गरेको भन्दै उनीहरू सोमवारदेखि नै आन्दोलनमा उत्रेका हुन्।

संस्थागत विद्यालयका कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीको अन्य शुल्कको विषयमा जनकपुरधाम उपमहानगरपालिकाले १४ कात्तिकमा गरेको निर्णय कार्यान्वयन गर्नुपर्ने उनीहरूको माग छ।

आज उनीहरूले प्लेकार्डसहित सडकमा टायर बालेर प्रदर्शन गरेका छन्। निर्णय कार्यान्वयन नगर्ने संस्थागत विद्यालयहरूको अडान छ। यसलाई लिएर हिसान, प्याब्सन र एनप्याब्सनले संयुक्तरूपमा सोमवारदेखि अनिश्चितकालीन शैक्षिक संस्था बन्दको आह्वान गरेका छन्।



विद्यार्थीको विरोध प्रदर्शनका कारण आज दोस्रो दिन पनि जनकपुरधामका संस्थागत शैक्षिक संस्थाहरू बन्द रहे।

१३ भदौ २०८१ मा उपमहानगरको छात्रवृत्ति वितरण व्यवस्थापन समितिले गरेको निर्णय अनुसार नै शुल्क, मासिक शुल्क र परीक्षा शुल्कबाहेक अन्य शुल्क लिन सक्ने व्यवस्था रहेकाले सो बमोजिम नै लिन पाउनुपर्ने विद्यालयहरूको माग छ।

## १० कट्ठामा लगाइएको गाँजाखेती नष्ट

प्रस, पोखरिया, ४ मङ्सिर/

सशस्त्र प्रहरी बेस, जीराभवानी र



इलाका प्रहरी कार्यालय, सेढवाको संयुक्त टोलीले मङ्गलवार जीराभवानी गाउँपालिका–३ शहनाजपुरमा गाँजाखेती नष्ट गरेको छ।

सशस्त्र प्रहरी निरीक्षक नरेन्द्र विष्ट र वरिष्ठ प्रहरी नायब निरीक्षक रामराज्य यादव नेतृत्वको टोलीले जीराभवानी गापा–३ शहनाजपुरमा बगैंचा र खरले घेरेर १० कट्ठा जग्गामा गरिएको गाँजाखेती नष्ट गरेको हो। सप्रनि विष्टले गाँजाखेती भएको जग्गाको धनीको खोजी कार्य भइरहेको बताए।

## पाँच दिने नागदेवताको मेला सम्पन्न

नरेश यादव, पर्सागढी, ४ मङ्सिर/

बहुदरमाई नगरपालिका–२ पिपरास्थित बहुदरमाई मन्दिरमा कात्तिक ३० गते शुक्रवारदेखि लागेको नागदेवताको पूजासँगै पाँच दिने मेला मङ्गलवार समापन भएको छ।

मेलामा कुश्ती प्रदर्शन गरिएको थियो। पाँच दिने मेलामा सबैभन्दा बढी मासु र मदिराको बिक्री भएको थियो। भारतको बिहारमा मदिरा निषेध भएकोले सो स्थानबाट मेला भर्न आउनेहरू मासु र मदिरामा आकर्षित भएका थिए। पाँच दिने मेलामा हजारौं भक्तजनहरू सहभागी भएका थिए।

### सच्याइएको

यस दैनिकको मङ्सिर २ गतेको प्रथम पृष्ठमा प्रकाशित **'नारायणी स्पोर्ट्स क्लबको भवन उद्घाटन'** शीर्षक समाचारमा स्व रविविक्रम शाहकी बुहारी ज्योति शाह हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। सम्पादक

**विचारसार र सूक्तिहरू**

**जसले सहन सिकिसकेको छ, उसले बोल्न छाडिदिन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# प्रतिबन्ध होइन प्रतिस्पर्धा

**'नेपाली माछा बजार सङ्कटमा', 'भारतीय माछाको कारण नेपाली माछा किसान चिन्तित' यी र यस्तै समाचारहरू सुन्न र पढ्न पाइन्छन्। उक्त शीर्षकका समाचारहरूमा विशेषगरी भारतीय माछा नेपाली बजारमा सस्तो पाइएको र ग्राहक सस्तोतर्फ आकर्षित हुँदा नेपाली माछा बिक्री हुन नसकेको भन्नेछ। यसको मतलब भारतीय माछाभन्दा नेपाली माछा महँगो रहेछ। 'नेपाली माछाले बजार पाउन भारतीय माछा आयातमा प्रतिबन्ध लगाउनुपर्छ' भन्ने नेपाली माछा किसानहरूको माग छ। चितवन जिल्लामा 'माछा व्यवसायी सङ्घ चितवन'ले भारतीय माछा बिक्रीमा प्रतिबन्ध लगाएको छ। बोइलर कुखुरा र अन्डामा पनि चितवनमा यस्तै भएको थियो। जिल्ला आत्मनिर्भर भएको भन्दै त्यहाँ भारतीय कुखुरा र अन्डामा प्रतिबन्ध लगाइएको छ। प्रतिबन्ध किन ? भारतीय उत्पादन अस्वस्थकर, रोगी, बिरामी, विषादी प्रयोग गरिएका, भन्सार छलीलगायतका भन्ने जवाफ सुन्न पाइन्छ। सञ्चारमाध्यमहरूले पनि त्यही लेखिदिएको हुन्छ। मेसो र मेहरो समातेर पत्रकारिता गर्ने धेरै छन्। कसैले कुनै एउटा विषयमा अलि राम्रो सीप र कला मिसाएर लेख्यो र त्यो हाइलाइट भयो भने, हो न हो त्यसैको पछि लागेर त्यस्तै, त्यस्तै ढर्राको रिपोर्ट बनाउन सञ्चारकर्मीबीच प्रतिस्पर्धा चल्छ।**

**विषादीयुक्त र भन्सार छलीका माछा बजारमा यसै पनि प्रतिबन्धित छ। बिक्रीस्थलमा बजार व्यवस्थापन समिति, वाणिज्य कार्यालय, उपभोक्ता सरोकारवाला मञ्चहरूले अनुगमन गरिरहेका हुन्छन्। सीमा क्षेत्रमा सीमा सुरक्षा बललगायत विभिन्न सुरक्षा एकाइ ठाउँठाउँमा छन्। स्थलमार्ग प्रयोग नगरी भारतीय माछा उडेर आउने पक्कै होइन। वैधानिक बाटोबाट आयात गरिंदा क्वारेन्टाइन गरेर मात्रै भित्र्याउन पाइन्छ। यी वैधानिक प्रक्रियामा कडाइ गरिंदैन भने त्यो सरकारको कमजोरी हो। सम्बन्धित एकाइहरूलाई कारबाईको भागीदार बनाइनुपर्छ। उसो त नेपाली उत्पादन उपयोग गर्न पनि डरलाग्दो छ। कतिपय अवैध भारतीय माछा वा कुखुरालाई नेपाली भन्दै नेपाली उत्पादककै मिलेमतोमा बजारमा पठाइएको पाइन्छ। अर्कोतर्फ नेपाली पोखरीमा रोग लागेका माछा स्वास्थ्य परीक्षणविना नै बजारमा पुऱ्याइन्छ। यसो हुँदा स्वास्थ्यको प्रत्याभूति पनि खासै देखिएन। बरु वैधानिक बाटोबाट आयात गरिएको भारतीय माछा नै बढी स्वस्थ्यकर ठहरिने भयो।**

**बजार प्रतिस्पर्धाको हो। निर्धारित स्वास्थ्य मापदण्डभित्र रहेको भारतीय हुन् वा नेपाली, उपभोक्तालाई सस्तोमा उपभोग्य सामग्री चाहिएको छ। उपभोक्ताको सरोकार वस्तुको गुणस्तरीयता र मूल्यसँग हुन्छ। स्वदेशी मुद्रा बाहिरिने कुरा उपभोक्ताका लागि गौण हो। सस्तोमा पाउने उही वस्तुलाई स्वदेशीको नाममा धेरै रकम तिर्न नेपाली उपभोक्ताको आर्थिकस्तरले दिंदैन। भारतदेखि नेपालमा आएर पनि नेपाली किसानले भन्दा सस्तोमा भारतीय माछा बिक्री हुन सक्छ भने नेपाली माछा उत्पादकले पनि कसरी कम मूल्यमा दिन सकिन्छ, सोच्नुपऱ्यो। भारत सरकारले त्यहाँको माछा किसानलाई सहुलियत दिएको छ भने नेपाली किसानले पनि आफ्नो मुलुकका तीनै तहका सरकारसँग माग राख्नुपर्छ। सरकारबाट पाउने अधिकार छाडेर उपभोक्ताको ढाड सेक्ने काम गरिनुहुन्न। वैधानिक बाटोबाट आउने भारतीय उत्पादनलाई स्वदेशमा प्रतिबन्ध होइन, स्वदेशी उत्पादनले मूल्य प्रतिस्पर्धा गर्नु उपभोक्ताको हितमा हुन्छ।**

# सार्वजनिक शिक्षालाई सबै तहबाट उपेक्षा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको फ्लास रिपोर्ट २०८० को अनुसार अहिले देशभरमा जम्मा ३५ हजार ८७६ विद्यालय छन्। जसमध्ये सामुदायिक २७ हजार ९९० (७८ प्रतिशत) र संस्थागत सात हजार ८८६ (२२ प्रतिशत) वटा विद्यालय छन्। २०७९ को तुलनामा २०८० सालमा सामुदायिक विद्यालयको सङ्ख्या ६६८ ले घटेको र संस्थागत विद्यालयको सङ्ख्या ५१३ ले बढेको छ। समग्रमा हेर्दा २०७९ को तुलनामा २०८० मा सामुदायिक र संस्थागत गरी १५६ वटा विद्यालय घटेका छन्। त्यसैगरी, २०८० को तथ्याङ्क अनुसार सामुदायिक तथा संस्थागत विद्यालयमा ७१ लाख ४३ हजार २६२ जना विद्यार्थी रहेका छन्, जुन २०७९ को तुलनामा ५३ हजार ५२३ ले कम हो। माथिको तथ्याङ्कलाई विश्लेषण गरी हेर्दा सामुदायिक विद्यालयसँगै विद्यार्थीको सङ्ख्या पनि बर्सेनि घट्दो क्रममा रहेको छ भने अर्कोतिर संस्थागत विद्यालयसँगै विद्यार्थीको सङ्ख्या क्रमशः बढ्दै गएको देखिन्छ। यस तथ्याङ्कबाट सामुदायिक विद्यालयप्रतिको आकर्षण अभिभावक वर्गमा घट्दो क्रममा र संस्थागत विद्यालयप्रतिको आकर्षण बढ्दो क्रममा रहेको सहजै अनुमान गर्न सकिन्छ। सामुदायिक विद्यालय र विद्यार्थी दुवै ओरालो लाग्नुको पछाडिको कारणलाई खोतलेर हेर्दा शिक्षक, नियामक निकाय, अभिभावक, बालबालिका तथा नागरिक समाज सबैको कमीकमजोरी देखिन्छ। तसर्थ शिक्षक, नियामक निकाय, अभिभावक तथा विद्यार्थीहरूको सामुदायिक विद्यालयप्रतिको हेराइ तथा बुझाइका बारेमा थप चर्चा गर्न आवश्यक छ।

**शिक्षक:**

शिक्षकलाई शिक्षा प्रवाहको मूल माध्यमको रूपमा मानिन्छ। शिक्षकले चाहृयो भने कमजोरभन्दा कमजोर विद्यालय र विद्यार्थीलाई अब्बल बनाउन सक्छ तर यो मानसिकता अधिकांश शिक्षकमा कमै पाइन्छ। शिक्षकहरूको एक ठूलो समूहले शिक्षण पेशालाई सेवाभन्दा पनि जागीर र सहायक पेशाको रूपमा लिएको देखिन्छ। शिक्षण पेशालाई सहायक पेशाको रूपमा लिएका कारण शिक्षकहरू नूनदेखी सुनसम्मको व्यापार, जग्गा बिचौलियादेखि रियल स्टेटसम्मको कारोबार, समाचार सङ्कलकदेखि सम्पादकसम्मको काम, CBO देखि NGO सम्मका सङ्घसंस्थामा आबद्धता, गीतलेखनदेखि गायनसम्मको पेशामा


स्वतन्त्र विचार



डा भरत सहनी

bharat.sahani09@gmail.com


**अब पनि शिक्षकहरू आफ्नो पेशाप्रति र अभिभावकहरू आफ्नो बालबालिकाका भविष्यप्रति सजग नहुने हो भने एक/दुई दशकको अन्तरालपछि सार्वजनिक शिक्षा पूर्णरूपमा ध्वस्त हुने निश्चित जस्तै छ।**

सक्रिय देखिन्छन्। यतिमात्र कहाँ हो र, आफ्नो बच्चालाई संस्थागत विद्यालयमा पठाएर अर्काको बच्चा सामुदायिक विद्यालयमा पढ्नुपर्छ भन्ने पैरवी गर्न पनि भ्याउँछन्। आफू अध्यापनरत विद्यालयमा ढिलो भए होस् तर संस्थागत विद्यालय तथा क्याम्पसमा पार्ट टाइमरको रूपमा शिक्षण गर्न जाँदा ठीक समयमैं पुगेको देखिन्छ। तसर्थ शिक्षकको व्यवहारमा सुधार हुन आवश्यक छ, यसो हुन नसके गुणस्तरीय शिक्षाको कल्पना गर्नु दिवा स्वपन सरह हो।

**नियामक निकाय:**

गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि विद्यालय, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा अभिभावकहरूको क्षमता विकास, परिचालन, संरक्षण, अनुगमन तथा मूल्याङ्कन गर्नु नियामक निकायको प्रमुख भूमिका अन्तर्गत पर्छ। नियामक निकायको सकारात्मक भूमिका तथा सक्रियताले शिक्षामा सुधार सम्भव छ तर त्यसो भएको कमै पाइन्छ। नियामक निकाय कार्यक्रमको प्रभावकारिताभन्दा पनि बजेट केन्द्रित देखिन्छन्। आफ्नो दैनिक कामभन्दा पनि बढीजसो अन्य सङ्घसंस्थाहरूका कार्यालय तथा कार्यक्रममा सहभागी हुनेदेखि सहजीकरण गर्नसम्मको काममा सक्रिय देखिन्छन्। सेवाग्राही तथा सरोकारवालाको हितका लागि भन्दा पनि आफ्नो हितका लागि बढी सोच्छन्। आफ्नो बच्चालाई संस्थागत विद्यालयमा पठाएर सामुदायिक विद्यालयलाई सुधार गर्नुपर्छ भन्ने वकालत गरेको देखिन्छन्। कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा ध्यान दिनुभन्दा पनि योजना निर्माणमा बढी ध्यान दिन्छन्। मर्मतसम्भारमा भन्दा पनि नयाँ निर्माणमा बढी ध्यान दिने गरेको पाइन्छ। तसर्थ नियामक निकायले पनि आफूलाई सुधार्नु उत्तिकै आवश्यक देखिन्छ।

**अभिभावक:**

सार्वजनिक शिक्षा सुधारको तेस्रो स्तम्भको रूपमा अभिभावकलाई मानिन्छ। अभिभावकले चाहेको खण्डमा सार्वजनिक शिक्षामा सुधार सम्भव छ। जहाँका अभिभावकहरू विद्यालय तथा शिक्षकप्रति जवाफदेह छन्, त्यहाँको सामुदायिक विद्यालयको अवस्था राम्रो छ। उदाहरणको रूपमा मधेस प्रदेशको उत्तरी भेगका विद्यालयहरू तथा मिश्रित समुदायका अन्य विद्यालयलाई पनि लिन सकिन्छ। तर अभिभावकहरूले ध्यान नदिंदा अधिकांश सामुदायिक विद्यालयको अवस्था दयनीय हुँदै गएको छ। यसमा अभिभावकलाई पनि दोष दिन अलिक मिल्दैन। किनभने शिक्षाको महत्त्व नबुझेका तथा अशिक्षित अभिभावकका बालबालिकाहरू मात्र सामुदायिक विद्यालयमा आउने गरेका देखिन्छन् भने शिक्षाको महत्त्व बुझेका तथा शिक्षित अभिभावकका बालबालिकाहरू संस्थागत विद्यालयहरूमा जाने गरेका देखिन्छन्। अशिक्षित तथा दैनिक ज्यालादारीमा निर्भर रहेका अभिभावकहरू विद्यालयमा शिक्षकहरूको उपस्थिति के कस्तो छ ?, शिक्षकहरूले के कसरी पढाएका छन् ?, विद्यार्थीहरूले के कति सिक्न सकेका छन् ?, आफ्नो घरका बालबालिकाहरू नियमित विद्यालय गएका छन् कि छैनन् ?, बालबालिकालाई चाहिने आधारभूत सिकाइ सामग्री उपलब्ध छन् कि छैनन् ?, बालबालिकाको पोशाक तथा झोला व्यवस्थित छ कि छैन ? भन्नेप्रति सचेत देखिंदैनन्। अभिभावकहरू विद्यालयमा खासगरी छात्रवृत्ति वितरण, खाजा वितरण र विद्यालय व्यवस्थापन समिति गठनको समयमा मात्र विद्यालयमा देखा पर्छन्।

**विद्यार्थी :**

विद्यार्थीहरू कुम्हालेको माटो जस्तै हुन्। जसरी कुम्हालेले आफ्नो आवश्यकता अनुसार माटोलाई विभिन्न रूपमा रूपान्तरण गर्छन्, त्यसरी नै अभिभावक तथा शिक्षकले विद्यार्थीको क्षमता पत्ता लगाइ उसको भविष्यको बाटो कोर्नमा सहयोग गर्न सक्छन्। तर शिक्षक तथा अभिभावकहरू विद्यार्थीको भविष्यप्रति सजग देखिंदैनन्। शिक्षक तथा अभिभावकहरू विद्यार्थीको सिकाइप्रति सचेत नहुँदा विद्यार्थीहरू विद्यालयमा जाँदा नि हुने, नजाँदा नि केही नहुने, विद्यालयमा ढिलो गए नि हुने, छिटो गए नि हुने, विद्यालयमा ढिलो गएर छिट्टै फर्किंदा नि हुने, विद्यालयमा मोबाइल लिएर जाँदा नि हुने, विद्यालय पोशाक लगाएर जाँदा नि हुने, नलगाएर जाँदा नि हुने भन्ने खालको संस्कारको विकास हुँदै गएको छ। यस्तो अवस्थामा गुणस्तरीय शिक्षाको अपेक्षा गर्नु भनेको मनको लड्डु घ्युसँग चोपेर खानु सरह हो। विद्यार्थीहरूको घट्दो सिकाइ उपलब्धिका कारण २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा ४७.८६ प्रतिशत र कक्षा १२ को परीक्षामा ५२.९१ प्रतिशत विद्यार्थीहरू मात्र उत्तीर्ण भएको तथ्याङ्कले देखाउँछ।

सार्वजनिक शिक्षाका मुख्य चार स्तम्भका रूपमा शिक्षक, नियामक निकाय, अभिभावक र विद्यार्थीलाई मानिन्छ। गुणस्तरीय शिक्षामार्फत सार्वजनिक शिक्षाको प्रवर्द्धनका लागि यी चारवटै स्तम्भको सक्रियता आवश्यक छ। यसमा पनि शिक्षक र अभिभावकको भूमिका ज्यादै महत्त्वपूर्ण ठानिन्छ। किनभने शिक्षकहरूको उच्च प्रदर्शनबाट नियामक निकाय र अभिभावकहरूको प्रदर्शनबाट बालबालिकाहरू प्रभावित हुने गर्छन्। अब पनि शिक्षकहरू आफ्नो पेशाप्रति र अभिभावकहरू आफ्नो बालबालिकाका भविष्यप्रति सजग नहुने हो भने एक/दुई दशकको अन्तरालपछि सार्वजनिक शिक्षा पूर्णरूपमा ध्वस्त हुने निश्चित जस्तै छ।

# दुई महीनामा एक लाख ७३ हजार पर्यटक मुस्ताङमा

म्याग्दी, ४ मङ्सिर/रासस

दुई महीनामा एक लाख ७३ हजार पर्यटकले मुस्ताङको भ्रमण गरेका छन्। असोज र कात्तिक महीनामा एक लाख ४४ हजार १५५ जना स्वदेशी र २८ हजार ९७६ जना विदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीले असोज महीनामा ५९ हजार ८३१ र कात्तिकमा एक लाख १३ हजार ३०० जना पर्यटक हवाई तथा स्थलमार्ग भएर मुस्ताङ भित्रिएको बताए।

प्रहरीले घाँसामा सडकमार्ग र जोमसोम विमानस्थलको चेकपोस्टमा हवाईमार्गबाट भित्रनेको अभिलेख राख्ने गरेको छ। असोजमा बेनी–जोमसोम सडक भएर ५७ हजार ९८२ र पोखरा–जोमसोम हवाईमार्गबाट एक हजार ८४९ जना मुस्ताङ भित्रिएको प्रहरी निरीक्षक अधिकारीले जानकारी दिए।

कात्तिकमा सडकबाट एक लाख ११ हजार ६५५ र हवाईमार्गबाट एक हजार ६४५ जना पर्यटक मुस्ताङ पुगेको प्रहरीको तथ्याङ्क छ। दशैं, तिहार पर्व र बिदाको अवसर पारेर मुस्ताङ घुम्न आउनेहरूको सङ्ख्या अन्य महीनाको तुलनामा असोज र कात्तिकमा धेरै हुन्छ।

होटल व्यवसायीका अनुसार मुस्ताङ घुम्दा एकजना पर्यटकले सरदर न्यूनतम रु १५ हजार खर्च गर्छन्। असोज र



कात्तिकमा यहाँ भित्रिएका पर्यटकबाट रु दुई अर्ब ५९ करोड ६९ लाख ६५ हजार बराबरको आर्थिक कारोबार भएको अनुमान गरिएको घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले बताए।

मुस्ताङमा रहेका ३२५ वटा होटलमा एक दिनमा सात हजारजनाको हाराहारीमा पर्यटक बस्न सक्ने क्षमता रहेको पर्यटन तथा उद्योग कार्यालय मुस्ताङका प्रमुख प्रेमप्रसाद पौडेलले बताए।

दशैं, तिहारको समयमा मुस्ताङका सबैजसो होटल पर्यटकले भरिभराउ भएका थिए। मङ्सिर लागेसँगै चीसो बढेपछि भने केही दिनयता पर्यटक आगमन घटेको छ। आर्थिक वर्ष २०८०/८१ मा चार लाख २७ हजार र २०७९/८० मा तीन लाख ७९ हजार ७६७ जना पर्यटक मुस्ताङ पुगेका थिए।

सडक यातायातको सुविधा, अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वप्रसिद्ध सञ्चारमाध्यमले संसारका उत्कृष्ट १० गन्तव्यमा समेट्नु, प्रचारप्रसार, डिजिटल मार्केटिङ, सुविधायुक्त होटल खुलेका कारण पर्यटक आगमन बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापको इलाका संरक्षण कार्यालय जोमसोमका प्रमुख प्रमोदराज रेग्मीले बताए।

मुस्ताङ भित्रने विदेशी पर्यटकमध्ये भारतीय धेरै छन्। उजाड पहाड, हिमाली हावापानी, संस्कृति र जीवनशैली, ताल, गुम्बा, मुक्तिनाथ मन्दिर, गुफा मुस्ताङका आकर्षण हुन्। मुक्तिनाथ, जोमसोम, कागबेनी, लोमान्थाङ, मार्फा, ठिनी, धुम्बाताललगायत मुस्ताङमा धार्मिक र पर्यटकीयस्थल रहेका छन्।

म्याग्दी हुँदै सडकमार्ग, मुस्ताङको थोराङ्ला भञ्ज्याङ हुँदै पैदलमार्ग र पोखराबाट हवाईमार्ग भएर पर्यटक यहाँ पुग्छन्। सार्क मुलुकबाहिरका पर्यटकको सङ्ख्या घट्दै जाँदा यहाँका व्यवसायी भने चिन्तित छन्। स्तरोन्नतिको क्रममा रहेको बेनी–जोमसोम सडक कालोपत्र योजना निर्माण सम्पन्न हुने हो भने पर्यटक आगमन अझै बढ्ने घरपझोङका अध्यक्ष लालचनले बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# प्राकृतिक विपद्: ११ अर्ब ८२ करोड बराबरको बीमा दाबी

काठमाडौं, ४ मङ्सिर/रासस

गत असोजको ११ र १२ को अविरल वर्षापछिको बाढीपहिरोका कारण भएको जनधनको क्षतिबाट रु ११ अर्ब ८२ करोड छ लाख ११ हजार ९३० बराबरको बीमा दाबी गरिएको छ ।

नेपाल बीमा प्राधिकरणका अनुसार कुल दाबीमध्ये गत कात्तिक मसान्तसम्म रुण ६१ करोड सात लाख ९३ हजार ३८७ बराबरको दाबी भुक्तानी भएको छ । बीमा दाबी गर्दै तीन हजार ४१८ वटा निवेदन प्राप्त भएका छन् ।

प्राधिकरणका अनुसार सबैभन्दा बढी दाबी सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनीमा परेको छ। सो कम्पनीमा ५०१ दाबीका आवेदन परेका छन् । दी ओरिएन्टल इन्स्योरेन्स कम्पनीमा १७६, सगरमाथा लुम्बिनीमा ३७७, हिमालयन एभरेस्टमा २४३, नेकोमा २१९, युनाइटेड अजोडमा ३२३, सानिमा जिआइसीमा २१७, आइजिआई प्रुडेन्सियलमा २९६ वटा दाबी परेका छन् ।

त्यस्तै, नेशनल इन्स्योरेन्समा ८६, एनएलजीमा १७२, नेपाल इन्स्योरेन्स कम्पनीमा १७६, प्रभु इन्स्योरेन्समा १३७, राष्ट्रिय बीमा कम्पनीमा १७, स्टार माइक्रो इन्स्योरेन्समा १०, ट्रस्ट र नेपाल माइक्रो इन्स्योरेन्समा समान चार/चार वटा दाबी पर्दा प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्समा सातवटा दाबी निवेदन परेका छन्। कुल दाबीमध्ये ९०२ वटाको भुक्तानी भएको प्राधिकरणले जनाएको छ ।

कुल एक हजार ६५३ वटा सम्पत्ति बीमा दाबी गरिएकामा ३९८ वटाको भुक्तानी भएको छ। कुल सम्पत्ति बीमा दाबी रु आठ अर्ब ७५ करोड ८७ लाख ५१ हजार २३४ भएकामा रु ४६ करोड ७० लाख ९७ हजार ७८० मात्रै भुक्तानी भएको छ ।

इन्जिनीयरिङ तथा ठेकेदार जोखिमतर्फ ३०४ वटा दाबी परेका छन्। विशेषगरी बाढीपहिरोका कारण जलविद्युत् आयोजनामा क्षति पुगेको थियो। अधिकांश ऊर्जा उत्पादक केन्द्रले बीमा गर्ने भएकाले पनि यो शीर्षकमा परेको दाबी भुक्तानीका लागि व्यवसायीहरूले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको समेत ध्यानाकर्षण गराएका छन् । दाबी भएकामध्ये ३८ वटाको रु तीन करोड ११ लाख २८ हजार ५५५ मात्रै भुक्तानी भएको छ ।

मोटर बीमा निजीतर्फ ८८७ वटा दाबी परेकामा २८० को रु छ करोड १६ लाख ९७ हजार ५८७ भुक्तानी भएको प्राधिकरणको विवरणमा उल्लेख छ । मोटर बीमा सार्वजनिकतर्फ ३५० वटा दाबी हुँदा ९१ वटाको रु ४३ करोड दुई हजार १७७ बराबरको भुक्तानी भएको छ ।

पशुपक्षी बीमा ५१ वटा दाबी पर्दा २१ वटाको रु २४ लाख ९२ हजार ८५४ मात्रै भुक्तानी भएको छ। बाढीपहिरोका कारण पशुपक्षी र चौपायासमेत उल्लेख्य मात्रामा मरेका वा बेपत्ता भएका थिए। त्यस्तै, सामुद्रिक बीमा २२ वटाको दाबी पर्दा दुईवटाको भुक्तानी भएको छ । कृषिबाली बीमातर्फ १३१ वटाको दाबी हुँदा ६५ को भुक्तानी भएको छ । विविधतर्फ २० वटाको दाबी पर्दा सातवटाको भुक्तानी भएको छ ।

प्राधिकरणका अनुसार कोशी प्रदेशमा २५१, मधेसमा १०१, बाग्मतीमा दुई हजार ९६८, गण्डकीमा ३३, लुम्बिनीमा ४८, कर्णालीमा आठ र सुदूरपश्चिम प्रदेशमा १० वटा बीमा दाबी भएका छन् ।

अविरल वर्षाका कारण ठूलो मात्रामा जनधनको क्षति भएपनि बीमाको पहुँच नहुँदा कम मात्रैले दाबी गर्न सक्ने अवस्था रहेको जनाइएको छ । वर्षाका कारण सबैभन्दा बढी प्रभावित भएको प्रदेश बाग्मती प्रदेश भएकाले पनि दाबी पनि बढी परेको प्राधिकरणले जनाएको छ ।



**भकारीको व्यापार**: मोरङको बेलबारी नगरपालिकास्थित सोमबारे बजारमा बिक्रीका लागि राखिएका पहाडे बाँसको चोयाबाट निर्मित धान राख्ने बाँसको भकारी । तस्बिरः मणिराम दाहाल/रासस

# घरजग्गा कारोबार: कुन जिल्लाबाट कति ?

काठमाडौं, ४ मङ्सिर/रासस

गत कात्तिकमा देशभर ९७ हजार १९६ घरजग्गाको कारोबार भएका छन्। चाडपर्वको बिदालगायत कारणले मालपोत कार्यालय तुलनात्मकरूपमा कम खुलेकाले कारोबारको सङ्ख्या घटेको हो । गत असोजमा एक लाख ८४८ कारोबार भएका थिए ।

घरजग्गाको कारोबारको विवरण राख्ने भूमि व्यवस्था तथा अभिलेख विभागका अनुसार कात्तिकमा ३३ हजार ५१४ वटा लिखत पास भएका छन् । यस्तै, नामसारीतर्फ तीन हजार ३६२, हालसाबिक दुई हजार ११४, रोक्कातर्फ २५ हजार ३० छन् ।

विभागका अनुसार भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा सबैभन्दा बढी चार हजार २६६ घरजग्गाको कारोबार भएका छन् । मालपोत कार्यालय, सुनसरीमा तीन हजार ११५, बेलबारीमा दुई हजार ८२१, धनुषामा दुई हजार १५८ वटा कारोबार भएका छन् ।

सिर्दिबास मालपोत कार्यालय गोरखामा एउटा मात्रै कारोबार भएको विभागले उपलब्ध गराएको विवरणमा उल्लेख छ। सो महीना मालपोत कार्यालय, मनाङमा १९, हुम्लामा १५, डोल्पामा १६, ओखलढुङ्गामा १७ वटा कारोबार भएका विवरण प्राप्त भएको छ ।

सबैभन्दा बढी राजस्व सङ्कलन गर्ने काठमाडौं उपत्यकाका मालपोत कार्यालयमध्ये कलङ्कीमा एक हजार ६४९ वटा घरजग्गाको कारोबार भएका छन्। भक्तपुर मालपोतमा दुई हजार ३४८, डिल्लीबजार कार्यालयले ९३९ वटा कारोबार गर्दा चाबहिल मालपोतले एक हजार ४२३ वटा कारोबार गरेका छन् ।

विभागका अनुसार विसं २०८० कात्तिकमा ७७ हजार १८५ घर र विसं २०७९ कात्तिकमा ९७ हजार १९६ वटा कारोबार भएका थिए।

विभागका अनुसार यस वर्षको कात्तिकमा रु दुई अर्ब ७० करोड ४० लाख ४६ हजार ६४५ बराबर राजस्व सङ्कलन गरेको छ । घरजग्गाको कारोबारमा अपेक्षितरूपमा सुधार आउन नसकेको कारोबार तथा राजस्व सङ्कलनको प्रवृत्तिले देखाएको छ ।

गत असोजको तुलनामा कात्तिकमा राजस्व सङ्कलनमा पनि गिरावट आएको हो। असोजमा रु तीन अर्ब आठ करोड १२ लाख ४१ हजार ४८१ बराबरको राजस्व सङ्कलन भएको थियो।

विभागका अनुसार काठमाडौं उपत्यकाभित्रका नौवटा मालपोत कार्यालयमध्ये सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय लगनखेलले रु २४ करोड ५७ लाख ५४ हजार ८५८ बराबर राजस्व सङ्कलन गरेको छ।

मालपोत कार्यालय गोटीखेल ललितपुरले रु चार लाख ६७ हजार ७२०, भक्तपुरले रु १७ करोड ६९ लाख २३ हजार ६४५ र डिल्लीबजारले रु १५ करोड ७७ लाख २० हजार ५४५ बराबरको राजस्व सङ्कलन गरेका छन्।

विभागका अनुसार मालपोत कार्यालय चाबहिलले रु २१ करोड ४२ लाख ४६ हजार ९९२, कलङ्कीले रु १७ करोड आठ लाख ४४ हजार ७५१, साँखु कार्यालयले रु चार करोड ७९ लाख ५४ हजार ९४२, मनमैजु कार्यालयले रु पाँच करोड ५० लाख ९३ हजार ६३२, टोखा कार्यालयले रु तीन करोड ५७ लाख २७ हजार ६६५ बराबरको राजस्व सङ्कलन गरेका छन्। मुलुकभर १३३ वटा मालपोत कार्यालय छन्।

# खाद्यवस्तुको मूल्यवृद्धि उच्च : राष्ट्र बैंक

काठमाडौं, ४ मङ्सिर/रासस

नेपाल राष्ट्र बैंकले मङ्गलवार सार्वजनिक गरेको चालू आर्थिक वर्षको पहिलो तीन महीनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार गैरखाद्य वस्तुको तुलनामा खाद्य वस्तुको मूल्यवृद्धि भएको छ । मुख्यगरी तरकारी र उपभोक्ता मूल्य सूचकाङ्क २५ दशमलव १५ प्रतिशतले वृद्धि भएको छ । जुन सबैभन्दा उच्च मूल्यवृद्धि हो । त्यस्तै, दाल तथा गेडागुडीको १० प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको नौ दशमलव ५७ प्रतिशत र घ्यू तथा तेलको चार दशमलव ९८ प्रतिशतले वृद्धि भएका छन्।

यो अवधिमा केही वस्तुको मूल्य भने



घटेका छन्। माछा तथा मासु उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव १८ प्रतिशत, मरमसलाको शून्य दशमलव ७९ प्रतिशत र चिनी तथा चिनीजन्य पदार्थको शून्य दशमलव ७८ प्रतिशतले घटेका छन् ।

गैरखाद्य तथा सेवा समूह अन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १० दशमलव ४९, मदिराजन्य पेय पदार्थको छ दशमलव ३२, कपडाजन्य तथा जुत्ता चप्पलको छ दशमलव १२ प्रतिशत र घरायसी उपकरणको चार दशमलव ८८ प्रतिशतले बढेका छन् ।

गत असोजमा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क पाँच प्रतिशतले वृद्धि भएको छ भने शहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क चार दशमलव ७६ प्रतिशतले वृद्धि भएको छ ।

प्रदेशगतरूपमा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति छ दशमलव २६, मधेस प्रदेशको पाँच दशमलव ०८, बाग्मती प्रदेशको चार दशमलव २४ र गण्डकी प्रदेशको तीन दशमलव ९८ प्रतिशत रहेका छन्। त्यस्तै, लुम्बिनी प्रदेशको चार दशमलव ४२, कर्णालीको तीन दशमलव २५ प्रतिशत र सुदूरपश्चिम प्रदेशको छ दशमलव ५६ प्रतिशत रहेका छन् ।

काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ५०, तराईको पाँच दशमलव २३, पहाडको चार दशमलव ३२ प्रतिशत र हिमालको पाँच दशमलव ०८ प्रतिशत रहेका छन् ।

खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत तरकारी उपसमूहको वार्षिक बिन्दुगत गेडागुडीको मूल्यमा उच्च वृद्धि देखिएको हो ।

"२०८१ असोजमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महीनामा मुद्रास्फीति सात दशमलव ५० प्रतिशत रहेको थियो," प्रतिवेदनमा भनिएको छ, "समीक्षा महीनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति सात दशमलव १८ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ४९ प्रतिशत रहेको छ ।"

# जर्मनीले एक अर्ब ४६ करोड अनुदान दिने

काठमाडौं, ४ मङ्सिर/रासस

जर्मनीले नेपाललाई एक करोड युरो (करीब रु एक अर्ब ४६ करोड) अनुदान सहायता उपलब्ध गराउने भएको छ ।

अर्थ मन्त्रालयमा मङ्गलवार एक औपचारिक कार्यक्रमका बीच नेपालका लागि जर्मनीका राजदूत डा थोमस प्रिन्ज र अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक समन्वय तथा सहयोग महाशाखाका सहसचिव धनीराम शर्माबीच अनुदान सम्झौतामा हस्ताक्षर भएको हो ।

उक्त अनुदान रकम नेपाल विद्युत् प्राधिकरणमार्फत विद्युत् वितरण सुदृढीकरण परियोजनामा खर्च हुनेछ । नेपालको विद्युत् वितरण संरचना सुदृढ गर्दै वातावरणमैत्री प्रविधिको प्रयोग गरी भरपर्दो र प्रभावकारी विद्युत् आपूर्ति सुनिश्चित गर्नेगरी अनुदान रकम खर्च गरिने जनाइएको छ ।

यस परियोजना अन्तर्गत भरतपुर (बाग्मती प्रदेश), बुटवल-भैरहवा (लुम्बिनी प्रदेश) र पोखरा (गण्डकी प्रदेश) लगायतका क्षेत्रलाई प्राथमिकता दिइनेछ। ऊर्जा दक्षता र विद्युत् आपूर्ति विश्वसनीयता सुधार गर्दै लक्षित क्षेत्रका जनतालाई दिगोरूपमा विद्युत् पहुँच सुनिश्चित गर्ने लक्ष्य परियोजनाको छ । सन् २०२५ देखि शुरू हुने विद्युत् वितरण सुदृढीकरण परियोजनालाई सरकारको वार्षिक बजेट प्रणालीमा समावेश गरिने सम्झौतामा उल्लेख छ ।

सम्झौता हस्ताक्षर कार्यक्रममा सहसचिव शर्माले लक्षित क्षेत्रमा विद्युत् आपूर्तिको विश्वसनीयता अभिवृद्धिमा यस सहयोगले महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । साथै उनले जर्मनी सरकारप्रति नेपालको ऊर्जा क्षेत्र सुदृढीकरणमा निरन्तर प्रतिबद्धताका लागि आभार व्यक्त गरे ।

राजदूत डा प्रिन्जले जलवायुमैत्री प्रविधिको प्रयोग गर्दै नेपालमा विद्युत् वितरण प्रणाली सुदृढीकरणमा सहयोग गर्न पाएकोमा सन्तोष व्यक्त गरे । उनले यस सम्झौताले जर्मनी र नेपालबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गरे ।



**जोखिम मोलेर झोलुङ्गेपुल तर्दै विद्यार्थीः** गत असोज १०, ११ र १२ गते भएको अविरल वर्षाका कारण सुनकोशी नदीमा आएको बाढीले क्षति पुऱ्याएको रामेछापको खाँडादेवी गाउँपालिका वडा नं ४ र सिन्धुलीको सुनकोशी गाउँपालिका वडा नं ६ चैनपुर जोड्ने पुछिघाटको झोलुङ्गेपुलबाट जोखिम मोलेर सिन्धुलीको खल्टेमा रहेको दीर्घ प्रदिम माध्यमिक विद्यालयमा पढ्न जाँदै विद्यार्थी। कक्षा ६ देखि १२ सम्म अध्ययनरत २८ जना विद्यार्थी र पाकेको धानबाली भित्र्याउन किसान पनि यो पुलबाट दैनिक आवतजावत गर्न बाध्य छन्। तस्बिरः रमेश ढुङ्गेल/रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

काठमाडौं, ४ मङ्सिर/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ। मङ्गलवार नेप्से परिसूचक ५१ दशमलव ११ अङ्कले घटेर दुई हजार ७०२ दशमलव ६५ को बिन्दुमा कायम भएको हो । यो एक दशमलव ८५ प्रतिशतको गिरावट हो ।

आज ३१० कम्पनीका दुई करोड २५ लाख ८८ हजार २४७ कित्ता शेयर एक लाख पाँच हजार ८२७ पटक खरीद-बिक्री हुँदा रु १० अर्ब ४६ करोड ८३ लाख २० हजार ५२१ बराबरको कारोबार भएको छ । आज सबैभन्दा धेरै होटल तथा पर्यटन समूह तीन दशमलव १७ र जलविद्युत् समूह तीन दशमलव ०७ प्रतिशतले घटेका छन् ।

बैंकिङ एक दशमलव ११, विकास बैंक दुई दशमलव २९, वित्त दुई दशमलव ३१, लगानी दुई दशमलव ०८, जीवन बीमा एक दशमलव ९४ र उत्पादन तथा प्रशोधन एक दशमलव ४८ प्रतिशतले घटेका छन् ।

लघुवित्त समूह एक दशमलव ५०, म्युचुअल फन्ड शून्य दशमलव १५, निर्जीवन बीमा एक दशमलव ६९, व्यापार दुई दशमलव २१ र अन्य समूह एक दशमलव ५८ प्रतिशतले घटेका छन् । आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा डाङी ग्रुप पावर लिमिटेडको नौ दशमलव २५ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा डाङी ग्रुप पावर लिमिटेडको सबैभन्दा उच्च देखिएको छ । आज यो कम्पनीको रु ४६ करोड ६८ लाख ९९ हजार ८०५ बराबरको आठ लाख ८८ हजार ३१९ कित्ता शेयर किनबेच भएका छन् ।

# कर बक्यौता बर्सेनि बढ्दो: दुई खर्ब ५४ अर्ब उठाउन बाँकी, एक हजार ७५० करदाता पुनरावलोकनमा

काठमाडौं, ४ मङ्सिर/रासस

लक्ष्यअनुरूप कर सङ्कलन गर्न हम्मेहम्मे परिरहेको अवस्थामा आर्थिक वर्ष २०८०/८१ मा रु दुई ५४ अर्ब तीन करोड कर असुल गर्न बाँकी रहेको पाइएको छ।

आन्तरिक राजस्व विभागका अनुसार तीन लाख १९ हजार ३८१ करदाताको रु दुई खर्ब ५० करोडभन्दा बढी बक्यौता देखिएको हो।

"आर्थिक वर्ष २०८०/८१ को अन्तसम्ममा आइपुग्दा कर बक्यौता, ब्याज, थप दस्तुर विलम्ब शुल्कसमेत उठ्न बाँकी कुल बक्यौता रकम रु एक खर्ब ३० अर्ब २४ करोड छ भने कर कार्यालयबाट भएको कर निर्धारणप्रति विमति जनाउँदै आन्तरिक राजस्व विभागमा पुनरावलोकनमा रहेको तथा अन्य न्यायिक निकायमा अपीलमा रहेको विवादित रकम रु एक खर्ब २३ अर्ब ८० करोड छ," विभागको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

विभागका महानिर्देशक रामप्रसाद आचार्य न्यायिक निरूपणमा जाँदा मुद्दा फछ्र्योटमा ढिलाइ हुँदा बक्यौता पनि बढेको बताउँछन्। विभागले भने धमाधम पुनरावलोकनका मुद्दा फछ्र्योट गर्दै आएको छ। "बक्यौता रकममध्ये ५५ देखि ६० प्रतिशत विभिन्न न्यायिक निकायमा विचाराधीन छन्। विभागमा प्रशासनिक पुनरावलोकन, राजस्व न्यायाधीकरण, विभिन्न अदालतमा मुद्दा छिनोफानो नहुँदा बक्यौता बढेको हो," उनले भने।

चालू मुद्दा फछ्र्योट भएको जानकारी दिंदै महानिर्देशक आचार्यले भने, "प्रशासकीय पुनरावलोकनमा गएका मुद्दा यथाशक्य चाँडो फछ्र्योट गरेका छौं। धेरैभन्दा धेरै जनशक्ति परिचालन गरेर काम भएको छ। हामीले निर्धारण गरेको करउपर चित्त नबुझेमा न्यायिक निकायमा जान पाउने करदाताको अधिकार हो। तर त्यस्ता मुद्दा फछ्र्योट चाँडो हुँदा त्यसले बक्यौता असुली गर्न पनि सहज हुन्छ।"

कर बक्यौता र मुद्दा मामिलामा गएर अपीलमा रहेकामध्ये आयकरसँग सम्बन्धित बढी छन्। प्रतिवेदन अनुसार एक लाख ९६ हजार ४६३ करदाताबाट रु एक खर्ब ८६ अर्ब ७८ करोड आयकर उठ्न बाँकी छ। आयकरतर्फ ७१८ करदाता प्रशासकीय पुनरावलोकनमा जाँदा रु एक खर्ब ११ अर्ब ६५ करोड आयकरबाट राज्य वञ्चित भएको छ। मूल्य अभिवृद्धि कर (भ्याट)तर्फ एक लाख २० हजार ८३२ करदाताबाट रु ५९ अर्ब ९० करोड असुली हुन बाँकी छ। अन्तःशुल्क ३७४ करदाताबाट रु चार अर्ब ३१ करोड उठाउन बाँकी छ। अन्य एक हजार ७१२ करदाताले रु तीन अर्ब चार करोड राज्यकोषमा दाखिला गरेका छैनन्।

बक्यौता कर सङ्कलनमा यसरी अवरोध हुँदा सरकारको राजस्व सङ्कलनको लक्ष्य प्रभावित भएको छ। आर्थिक वर्ष २०८०/८१ देखि चालू आर्थिक वर्षका लागि एक हजार ७४२ वटा प्रशासनिक पुनरावलोकनका निम्ति दर्ता हुँदा राज्यकोषमा रकम अपर्याप्तताको चाप बढेको छ।

आर्थिक वर्ष २०८०/८१ मा रु छ खर्ब ७७ अर्ब ७३ करोड कर असुली गर्ने लक्ष्य निर्धारण भएकामा रु पाँच खर्ब ३३ अर्ब तीन करोड मात्र उठेको थियो।

आव २०७९/८० देखि जिम्मेवारी सरेका र आव २०८०/८१ मा दर्ता भएका जम्मा दुई हजार २४४ निवेदनमध्ये गत आवमा जम्मा ५०२ वटा फछ्र्योट भएका छन्। एक हजार ७४२ निवेदन आव २०८१/८२ को लागि सारिएका छन्।

गत आर्थिक वर्षसम्ममा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूको रु २३ अर्ब ५० करोडभन्दा बढी बेरुजू थपिएको छ। उक्त आवको प्रारम्भमा कुल बेरुजू रकम रु ७६ अर्ब एक करोड ४२ लाख रहेकामा आवको अन्त्यमा त्यो बढेर रु ९९ अर्ब ५७ करोड ७८ लाख ८४ हजार पुगेको छ।

# चालू खाता र शोधनान्तर बचतमा विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च

काठमाडौं, ४ मङ्सिर/रासस

चालू आर्थिक वर्षको पहिलो तीन महीनामा चालू खाता र शोधनान्तर स्थिति बचतमा देखिएको छ भने विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च देखिएको छ।



नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आवको तीन महीनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार उक्त अवधिमा चालू खाता रु एक खर्ब ११ अर्ब ८७ करोडले बचतमा छ।

अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु ५९ अर्ब ६५ करोडले बचतमा थियो। यस अवधिमा खुद पूँजीगत 'ट्रान्सफर' रु दुई अर्ब कायम भएको छ भने प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु चार अर्ब ८१ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद पूँजीगत ट्रान्सफर रु एक अर्ब १५ करोड कायम भएको थियो भने प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटी मात्र) रु तीन अर्ब ३८ करोड रहेको थियो।

पहिलो तीन महीनामा शोधनान्तर स्थिति रु एक खर्ब ८४ अर्ब ९९ करोडले बचतमा रहेको छ। त्यस्तै, गत असार मसान्तसम्ममा रु २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति तीन महीनामा नौ दशमलव चार प्रतिशतले वृद्धि भई गत असोज मसान्तमा रु २२ खर्ब ३२ अर्ब २८ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १५ अर्ब २७ करोड रहेकामा असोज मसान्तमा आठ दशमलव सात प्रतिशतले वृद्धि भई १६ अर्ब ६० करोड पुगेको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकको सञ्चिति रु १९ खर्ब ८८ अर्ब पुगेको छ। बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति रु दुई खर्ब ४४ अर्ब २७ करोड कायम भएको छ। गत असोज मसान्तसम्मको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ दशमलव नौ प्रतिशत रहेको छ।

चालू आर्थिक वर्षको तीन महीनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति र वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ।




**सिङ्घाडा टिप्दै किसान:** महोत्तरीको जलेश्वर नगरपालिका–८ स्थित जलाशयमा लगाएको सिङ्घाडा (पानीमा फल्ने फल) टिप्दै किसानहरू। यो गुलाबी काँडेदार पानीमुनि फल्ने निकै मीठो र लोकप्रिय फल हो। यस फललाई सर्वसाधारणले पूजाआजामा प्रसादको रूपमा प्रयोग गर्ने गर्छन्। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

## फरक समाचार

### ६–६–६ वाकिङ नियम
### तौल घटाउन र फिट रहने प्रभावकारी तरिका

बिहान ६ बजेको हिंडाइ ताजा हावा र शान्त वातावरणको बीचमा हुन्छ, जसले तपाईंलाई दिनभरका लागि ऊर्जा प्रदान गर्छ। साँझ ६ बजेको हिंडाइले कामको तनाव हटाउँछ र शरीरलाई आराम दिन्छ।

हिंडाइलाई सबैभन्दा सजिलो र प्रभावकारी व्यायाम मानिन्छ, र अहिले '६–६–६ वाकिङ नियम' छिट्टै लोकप्रिय भइरहेको छ। यस नियम अनुसार



बिहान ६ बजे र साँझ ६ बजे ६० मिनेटको हिंडाइ गरिन्छ, जसमा ६ मिनेटको वार्म–अप र ६ मिनेटको कुल–डाउन हुन्छ।

यो रूटिनले फिटनेस कायम राख्न मात्र होइन, लामो समयसम्म अपनाउन सजिलो बनाउँछ। बिहानको हिंडाइले तपाईंलाई दिनभरका लागि ऊर्जा प्रदान गर्छ। साँझको हिंडाइले तनाव कम गर्न र शरीरलाई आराम दिन मदत गर्छ। ६ मिनेटको वार्म–अप र कुल–डाउनले शरीरलाई चोटबाट बचाउन र चाँडै निको पार्न सहयोग गर्छ।

**यसलाई आफ्नो दिनचर्यामा कसरी समावेश गर्ने ?**

बिहान चाँडै उठ्ने बानी बसाल्नुहोस् ताकि तपाईं विनाहतार आफ्नो हिंडाइ पूरा गर्न सक्नुहुनेछ। साँझ काम सकेपछि वा बेलुका खाना खानुअघि यो हिंडाइलाई आफ्नो रूटिनमा समावेश गर्नुहोस्। हिंडाइ गर्दा हल्का र आरामदायक लुगा लगाउनुहोस्, जुन मौसमअनुकूल हुनुपर्छ।

**वार्म–अप र कुल–डाउनका फाइदा**

६ मिनेटको वार्म–अपले तपाईंका मांसपेशीलाई सक्रिय गर्छ र मुटुको धड्कन बिस्तारै बढाउँछ। यसमा हल्का स्ट्रेचिङ र बिस्तारै हिंड्ने सल्लाह दिइन्छ।

कुल–डाउनले मुटुको धड्कनलाई सामान्य बनाउँछ र मांसपेशीको कडापन घटाउँछ। यसमा बिस्तारै हिंड्नु र गहिरो सास लिंदै स्ट्रेचिङ गर्ने सिफारिश गरिन्छ।

**६–६–६ वाकिङ नियमका स्वास्थ्य फाइदा**

नियमित हिंडाइले रक्तचाप नियन्त्रणमा राख्छ र मुटुरोगको जोखिम घटाउँछ। यसले क्यालोरी बर्न गर्न र तौल नियन्त्रण गर्न सहयोग पुर्‍याउँछ। विशेषगरी साँझको हिंडाइले तनाव कम गर्छ र मानसिक स्पष्टता बढाउँछ। दिनभरको शारीरिक र मानसिक थकान हटाउँछ, जसले राम्रो निद्रा दिन्छ।

### रिलेसनशिपमा 'आर्बिटिङ' भनेको के हो ?

'आर्बिटिङ' एउटा यस्तो रिलेसनशिप टर्म हो, जुन सामाजिक सञ्जालको विकासपछि आएको हो। यो ब्रेकअपपछि पूर्वपार्टनरहरूले अपनाउने एक तरीका हो। ब्रेकअपपछि पार्टनरले प्रत्यक्ष सम्पर्क तोड्छन्, तर सामाजिक सञ्जालमार्फत तपाईंको जीवनमा 'भर्चुअलरूपमा उपस्थित' रहन्छन्। उनीहरू तपाईंका पोस्ट लाइक गर्छन्, स्टोरी हेर्छन्, तर सन्देशहरूको जवाफ दिंदैनन्। यस्तो व्यवहारले



पूर्वपार्टनर तपाईंको 'आर्बिटिङ'मा रहेको जस्तो देखिन्छ।

**ब्रेकअपपछि यस्तो किन हुन्छ ?**

**१) इमोशनल कन्ट्रोल**

ब्रेकअपपछि केही व्यक्तिहरू आफ्नो पूर्वपार्टनरबाट पूर्णरूपमा अलग हुन सक्दैनन्। सामाजिक सञ्जालमा जोडिरहनुले उनीहरूलाई यो महसूस गराउँछ कि उनीहरू अझै तपाईंको जीवनको हिस्सा हुन्, चाहे यो एकतर्फी लगाव नै किन नहोस्।

**२) जिज्ञासा (क्युरियोसिटी)**

पूर्वपार्टनर जान्न चाहन्छ कि ब्रेकअपपछि तपाईं के गर्दै हुनुहुन्छ। के तपाईं खुशी हुनुहुन्छ ? के तपाईं कसै अरूसँग हुनुहुन्छ ? यो जिज्ञासाले उनीहरूलाई तपाईंको सामाजिक सञ्जालमा सक्रिय बनाउँछ।

**३) क्लोजरको कमी**

कहिलेकाहीं ब्रेकअप सही ढङ्गले हुँदैन। यस्तो अवस्थामा एउटा पार्टनरलाई 'क्लोजर'को आवश्यकता हुन्छ। 'आर्बिटिङ' यस अधूरो कुरा पूरा गर्न खोज्ने नक्कली समाधान बन्छ।

**४) मिस गर्नेजस्तो डर (FOMO)**

सामाजिक सञ्जालले FOMO (फियर अफ मिसिङ आउट)को भावना बढाएको छ। उनीहरू तपाईंको जीवनमा के हुँदैछ भनेर जान्न छाड्न चाहँदैनन्।

**'आर्बिटिङ'लाई कसरी व्यवस्थापन गर्ने ?**

**१) सामाजिक सञ्जालमा सीमितता राख्नुहोस्**

आफ्नो पूर्वपार्टनरलाई ब्लक वा अनफलो गर्नुहोस् ताकि उनीहरूको उपस्थितिले तपाईंको भावनात्मक स्वास्थ्यमा प्रभाव नपरोस्।

**२) आत्म–उपचारमा ध्यान दिनुहोस्**

आफूलाई केन्द्रित गर्नुहोस् र त्यस्ता गतिविधि गर्नुहोस्, जसले तपाईंलाई खुशी र आत्मविश्वासी बनाउँछ। सामाजिक सञ्जालको माध्यमबाट पुराना सम्झनाहरू ताजा गर्नुले दुःख दिन सक्छ।

**३) क्लोजर खोज्नुहोस्**

कुनै पनि राम्रो सम्बन्धको अन्त्य हुन्छ। यो राम्रो हुन्छ कि आफ्नो पूर्वपार्टनरलाई स्पष्टरूपमा भन्नुहोस् कि यो सम्बन्ध समाप्त भइसकेको छ र अब कुनै आशा छैन। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## युद्धविराम वार्ताका लागि अमेरिकी विशेष दूत अमोस होचस्टेन लेबनानमा

बेरुत, ४ मङ्सिर/एएफपी

अमेरिकी विशेषदूत अमोस होचस्टेन अधिकारीहरूसँग युद्धविराम वार्ताका लागि मङ्गलवार लेबनान आइपुगेका छन्। हाल अमेरिका र फ्रान्सले इजरायल र हिजबोल्लाहबीच युद्धविरामको नेतृत्व गरेका छन् जसको नेतृत्व गर्दै होचस्टेन लेबनान आएको स्रोतले जनाएको छ।

सन् २०२३ अक्टोबर–७ देखि गाजामा युद्ध शुरू भएपछि प्यालेस्टिनी सहयोगी हमासको समर्थनमा हिजबुल्लाहले गरेको आक्रमणमा करीब एक वर्षपछि, लेबनानमा हवाई आक्रमण भएको छ।

लेबनानका एक अधिकारीले अमेरिकी युद्धविराम प्रस्तावबारे सरकार को सकारात्मक दृष्टिकोण रहेको बताए भने अर्का अधिकारीले निर्धारित बुँदामा समीक्षा गर्न होचस्टेनको आगमनको पर्खाइमा रहेको बताएका छन्।

लेबनान भ्रमणको जनाकारी गराउँदै अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यू मिलरले वाशिंगटनले लेबनान र इजरायली सरकारहरूसँग निर्धारित प्रस्तावहरूमा समन्वय गरिरहेको बताएका छन्।

मिलरले अमेरिकाले राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव–१७०१ को 'पूर्ण कार्यान्वयन' को लागि दबाब दिइरहेको बताउँदै लेबनानी र राष्ट्रसङ्घीय सेना बाहेक सबै सेनाहरू इजरायलको सिमाना लेबनानबाट फिर्ता लिन आवश्यक रहेको बताएका छन्।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले भने सम्झौता भए पनि इजरायलले उक्त समूहलाई पुनः निर्माण गर्नबाट रोकी हिजबुल्लाहविरुद्ध कारबाही गर्ने बताउनु भएको छ।

यस अघि एक लेबनानी अधिकारीले अमेरिकी दूत लिसा जोनसनले बिहीवार प्रधानमन्त्री नाजिब मिकाती र हिजबुल्लाह–सहयोगी संसदीय अध्यक्ष नबीह बेरीसँग उक्त योजनाबारे छलफल गरेको बताएका छन्।

कुनै सहमति भएमा अमेरिका र फ्रान्सले संयुक्त विज्ञप्ति जारी गर्ने बताउँदै उनले ६० दिनको युद्धविराम पछि लेबनानले इजरायल नजीकैको दक्षिणी सीमा क्षेत्रमा सेना पुनः तैनाथ गर्ने बताएका छन्।

लेबनानी अधिकारीहरूले गत वर्ष अक्टोबरमा झडप शुरू भएदेखि ३,५१० भन्दा बढी मानिसको मृत्यु भएको तथा सेप्टेम्बरको अन्त्यदेखि सबैभन्दा बढी मृत्यु भएको बताएका छन्। रासस



**राप्ती खोलामा अस्थायी काठेपुलः** मकवानपुरको हेटौंडा उपमहानगरपालिका–१ मा बग्ने राप्ती खोलामा काठेपुल बनाउँदै। बर्खापछि लालझाडी, मैनटारका स्थानीयहरू पक्की पुल समयमा नबन्दा यस्तै जोखिम मोल्दै काठेपुलको भरमा आवतजावत

## आठजना सैनिकको मृत्यु, सातजना प्रहरी अपहृत

पेशावर, पाकिस्तान, ४ मङ्सिर/एएफपी

उत्तरपश्चिम पाकिस्तानमा भएको आक्रमणमा आठजना सैनिकको मृत्यु हुनुका साथै सातजना प्रहरी अपहरणमा परेको प्रहरी तथा गुप्तचर अधिकारीलाई उधृत गर्दै एएफपीले मङ्गलवार जनाएको छ।

खैबर–पख्तुनख्वा प्रान्तको तिराह क्षेत्रमा भएको झडपमा 'आठ सैनिक' र 'नौ आतङ्कवादी' मारिएको एकजना गुप्तचर अधिकारीले नाम नछाप्ने शर्तमा बताएका छन्।

पाकिस्तानी तालिबान (टिटिपी) ले यस घटनाको जिम्मेवारी लिएको छ।

तालिबानले प्रान्तमा भएको छुट्टै आक्रमणमा एउटै चौकीका 'सातजना प्रहरी अधिकारीहरूको अपहरण गरेको वरिष्ठ प्रहरी अधिकारीले बताएका छन्।

अधिकारीका अनुसार आक्रमणकारीहरूले अधिकारीहरूका हात हतियारहरू पनि जफत गरेका थिए।

अफगानिस्तानसागको सिमानामा टिटिपीको आक्रमण बढेको बताउँदै प्रहरी अधिकारी मुहम्मद जिया उद–दिनले घटनाको पुष्टि गरेका छन्।

तालीबान समूहले अक्टोबर–२५ मा दशजना प्रहरी अधिकारीको हत्या गरेको थियो।

यस अघि प्रान्तीय राजधानीको रेल स्टेशनमा सोही समूहले गरेको बम विस्फोटमा–१४ जना सैनिकसहित २६ जनाको मृत्यु भएको थियो भने एक हप्तापछि शनिवार दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा सातजना सैनिकको हत्या गरेका थिए। रासस

## नेपाली कफी अन्तर्राष्ट्रिय बजारमा अब्बल

काठमाडौं, ४ मङ्सिर/रासस

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले यही मङ्सिर ७ गते राष्ट्रिय कफी दिवस भृकुटीमण्डपमा आयोजना गर्न गरिने बोर्डका कार्यकारी निर्देशक बेनुपराज प्रसाईंले जानकारी दिए।

कफी उत्पादक संस्था तथा किसान उद्यमी, जिल्ला कफी सहकारी सङ्घ, प्रारम्भिक कफी सहकारी संस्थालाई विशेष सम्मान र पुरस्कृत गरिने छ। आव २०८०/८१ मा देशभर पाँच सय मेट्रिक टन ग्रीनवीन कफी उत्पादन भएको छ भने जम्मा ६५४ हेक्टरमा नयाँ रोपण भएको छ।



भएको छ। कफी विकासका क्षेत्रमा क्रियाशील व्यवसायीहरूबाट नेपाली कफीको 'स्टल' सञ्चालन तथा प्रदर्शनी, विभिन्न थरीका कफीको ब्रिबिङ तथा टेस्टिङ गर्न लागेको हो।

कफी सहकारी सङ्घहरूबाट सञ्चालित कफीसम्बन्धी गतिविधिको प्रदर्शनी गर्ने उक्त दिवसमा नेपालको कफी क्षेत्रको वर्तमान अवस्था, नीतिगत व्यवस्था तथा आगामी कार्यदिशा विषयक प्रस्तुतीकरण एवं अन्तर्क्रिया कार्यक्रम

बोर्डका अनुसार आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार रु १३ करोड चार लाखबराबरको ७७ मेट्रिक टन कफी निर्यात हुँदा रु ३२ करोड ५८ लाख बराबरको ४५० टन कफी आयात भएको थियो।

आव २०८०/८१ मा रु १४ करोड ९२ लाखबराबरको ८९ टन कफी निर्यात हुँदा रु ४१ करोड ९८ लाखबराबरको ४४३ टन कफी आयात भएको तथ्याङ्क

४,३०९ हेक्टर जगगामा कफीखेती विस्तार भएको छ। कुल उत्पादनको झण्डै १७ प्रतिशत कफी विदेश निर्यात भएको बोर्डका निर्देशक दीपक खनालले जानकारी दिए। नेपाली कफीले अन्तर्राष्ट्रिय बजारमा स्वाद र गुणस्तरका हिसाबले अन्य राष्ट्रको भन्दा बढी मूल्य प्राप्त गर्दै आएको छ। बोर्डका अधिकृत चन्द्र पुरीका अनुसार नेपाली कफी निर्यात हुँदा सरदर प्रतिकिलो १६ डलर प्राप्त हुँदै आएको छ।

## लेबनानमा दुई सयभन्दा बढी बालबालिकाको मृत्यु

जेनेभा, ४ मङ्सिर/एएफपी

इजरायलले हिजबुल्लाहलाई लक्षित गरी लेबनानमा गरेको आक्रमणमा दुई महीनाभन्दा कम समयमा २०० भन्दा बढी बालबालिकाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले मङ्गलवार जनाएको छ।

यो कहालीलाग्दो घटनाले चिन्ताजनक अवस्था देखा परेको जनाउँदै राष्ट्रसङ्घीय बाल एजेन्सी युनिसेफका प्रवक्ता जेम्स एल्डरले बालबालिकाको मृत्यु र हिंसा रोक्न अत्यावश्यक रहेको बताएका छन्।

उनका अनुसार लेबनानमा पछिल्लो दुई महीनामा हरेक दिन औसतमा तीनजना बालबालिकाको मृत्यु भएको छ भने एक हजार एक सय बढी बालबालिका घाइते भएका छन्।

हिजबुल्लाहले गत वर्षको अक्टोबरमा गाजामा प्यालेस्टिनी उग्रवादी समूह हमासको समर्थनमा इजरायलमा रकेट प्रहार गर्न थालेको थियो।

गत सेप्टेम्बरदेखि इजरायलले लेबनानमा हिजबुल्लाहको गढलाई लक्षित गर्दै व्यापक अभियान सञ्चालन गरेको छ। यद्यपि केही आक्रमणले इरान समर्थित समूहको नियन्त्रणबाहिरका क्षेत्रहरूमा प्रहार गरेका छन्।

इजरायलमा हिजबुल्लाहको आक्रमणबाट झडप शुरू भएदेखि लेबनानमा तीन हजार ५०१ जनाभन्दा बढी मानिसको मृत्यु भएको छ।

गत वर्षको अक्टोबरमा गाजामा युद्ध शुरू भएदेखि लेबनानमा कम्तीमा २३१ जना बालबालिकाको मृत्यु भएको एल्डरले बताएका छन्।

लेबनानमा पनि गाजामा जस्तै डरलाग्दो बालबालिकाको नरसंहार चलिरहेको बताउँदै उनले घरबारविहीन भएका लाखौं बालबालिका आधारभूत पूर्वाधार तथा चिकित्सा सुविधा अभावमा रहेको बताएका छन्।

लेबनानी अधिकारीहरूका अनुसार नोभेम्बर १५ देखि २०० भन्दा बढी स्वास्थ्य कर्मचारीको मृत्यु भएको छ भने ३०० भन्दा बढी घाइते भएका छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – राज्यलाभ | कर्कट – धनखति |
| सिंह – सुयश | कन्या – अलमल |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – राज्यभय | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## प्रमुख चुनौतीहरू सम्बोधन गर्न आह्वान

रियो दी जेनेरियो, ४ मङ्सिर/सिन्हुवा

जी–२० नेताहरूले प्रमुख भूराजनीतिक, सामाजिक–आर्थिक, जलवायु र वातावरणीय चुनौतीहरू तथा सङ्कटलाई तत्काल सम्बोधन गर्न मङ्गलवार जारी जी–२० रियो दी जेनेरियो घोषणापत्रमार्फत आह्वान गरेका छन्।

नेताहरूले जी–२० को भूमिकालाई दोहोऱ्याउँदै अत्यावश्यक अन्तर्राष्ट्रिय सहयोग र राजनीतिक अभियानको माध्यमबाट वर्तमान चुनौतीहरूलाई सम्बोधन गर्न उपयुक्त रहेको औंल्याउँदै दिगो विकासका लक्ष्यप्रति दृढ प्रतिबद्धता व्यक्त गरेका छन्।

उनीहरूले घोषणपत्रमार्फत विश्व अर्थतन्त्रको सुधारिंदो सम्भावनालाई आत्मसात् गर्दै बलियो, दिगो, सन्तुलित र समावेशी विकासका साथ सहज जीवनयापन र वित्तीय दिगोपनको रक्षा गर्ने वाचासमेत गरेका छन्। रासस

## चिया निर्यात ६९ प्रतिशतले बढ्यो

भद्रपुर (झापा), ४ मङ्सिर/रासस

मेची भन्सार कार्यालयबाट चालू आर्थिक वर्षको पहिलो चौमासिकमा चिया अर्ब २० करोड ४८ लाख ४० हजार बराबरको चिया निर्यात भएको छ। गत आवको सोही अवधिमा रु एक अर्ब ३१ बन्दाकोभी र ब्रोकाउली २७.९८ प्रतिशतले निर्यात घटेको अधिकारी कँडेलले बताए। उनका अनुसार भेनियर सिटको निर्यात



निर्यात ६९.२२ प्रतिशतले बढेको छ। कार्यालयको तथ्याङ्क अनुसार चार महिना (साउन–कात्तिक) मा ८,०६२.१६४ मेट्रिक टन चिया निर्यात भएको हो।

चिया निर्यातको परिमाणसँगै यसको मूल्य ६७.८७ प्रतिशतले बढेको मेची भन्सारका कार्यालयका सूचना अधिकारी गणपति कँडेलले जानकारी दिए। चालू आवको पहिलो चार महिनामा रु दुई करोड ३४ लाख ३६ हजार बराबरको चिया निर्यात भएको थियो।

कार्यालयको तथ्याङ्क अनुसार चालू आवको पहिलो चौमासिकमा अलैंची, अम्रिसो, छुर्पी, अदुवा, काउली, बन्दाकोभी र ब्रोकाउलीको निर्यात घटेको छ। गत आवको सोही अवधिको तुलनामा अलैंची ११.८७ प्रतिशत, अम्रिसो ११.६६ प्रतिशत, छुर्पी ४१.४५ प्रतिशत, काउली, २४१.९४ र प्लाइउडको निर्यात २९.६३ प्रतिशले बढेको छ।

मेची भन्सार कार्यालयले चालू आर्थिक वर्षको कात्तिकसम्म रु चार अर्ब ७२ करोड सात लाख २३ हजार राजस्व सङ्कलन भएको जनाएको छ। उक्त राजस्व रकम कार्यालयको वार्षिक लक्ष्यको २७.२२ प्रतिशत हो।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# निजगढमा कर शिक्षाबारे अन्तर्क्रिया

प्रस, निजगढ, ४ मङ्सिर/

निजगढ नगर उद्योग वाणिज्य सङ्घको समन्वयमा मङ्गलवार कर शिक्षाबारे कार्यक्रम सम्पन्न भएको छ। आन्तरिक राजस्व कार्यालय सिमरा, बाराले कर सप्ताहको अवसरमा निजगढ नगरभित्र रहेका उद्योगी–व्यवसायीसँग कर शिक्षाबारेमा अन्तर्क्रिया गरेको हो।



आन्तरिक राजस्व कार्यालय सिमरा, बाराका कर अधिकृत रामकृष्ण गुप्ताले उद्योगी–व्यापारीहरूलाई दण्डित गर्ने उद्देश्य कर कार्यालयको नरहेको बताए। उनले अनजानमा हुने त्रुटिबाट दण्डित हुन सक्ने भएकाले जरिवाना तिर्नुभन्दा पहिले केही सिकौं भन्ने उद्देश्यले निजगढ नगर उद्योग वाणिज्य सङ्घसँगको सहकार्यमा कर शिक्षा कार्यक्रम आयोजना गरिएको बताए।

उनले व्यापार व्यवसाय गर्दै आइरहेका व्यापारीहरूले कारोबार गर्दा अनजानमा हुने गलतीहरू स्वयम् जानकारी हुने र उक्त गलतीहरू सच्याउँदै दण्डित हुन नपरून् र कारोबारको हिसाबकिताब शुद्ध राख्न सकून् भन्ने उद्देश्यले कर शिक्षा कार्यक्रम आयोजना गरिएको बताए।

कार्यक्रममा कर, मिस म्याच, ई–प्यान, मूअकर, स्थायी लेखा नम्बर, अन्तःशुल्क, व्यावसायिक तथा निकायगतरूपमा स्थायी लेखा नम्बर लिन आवश्यक कागजातहरू, आयकरको दर, मूल्य अभिवृद्धिमा जाने अवस्था, इटिडिएसलगायतका विषयमा जानकारी गराउँदै व्यक्तिको करको दर र व्यावसायिक मापदण्ड पालना नगर्दा हुन सक्ने दण्ड र जरिवानाबारे सहभागीहरूलाई जानकारी गराइएको थियो।

निजगढ नगर उद्योग वाणिज्य सङ्घको कार्यक्षेत्रभित्र रहेका उद्योगी तथा व्यवसायीलाई कर प्रणाली, कर छुट तथा कर दाखिलालगायत अन्य करसम्बन्धी जानकारी होस् भन्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपेन्द्र श्रेष्ठले बताए।

उनले यस कार्यक्रमबाट व्यवसायीहरूले विभिन्न कर छुट तथा परिवर्तित कर प्रणालीलगायतका विषयमा जानकारी पाउन मदत पुगेको बताए। आगामी दिनमा व्यवसायीको मागलाई ध्यानमा राखी व्यवसायीहरूलाई फाइदा पुग्ने किसिमका विभिन्न कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पनि व्यक्त गरे।

अन्तर्क्रियामा सहभागी साना तथा ठूला करदाता, उद्योगी–व्यवसायीले करका बारेमा विभिन्न जिज्ञासा राखेका थिए।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अङ्गमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउँछ।

**त्यसैले मधुमेहबाट बच्न,**
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जङ्क फूड तथा तारेका, भुटेका पदार्थहरू नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरू नखाऔं,
- तनाव व्यवस्थापन गरौं,

नियमित स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







## ५१ जनामा मोतीबिन्दु

प्रस, पोखरिया, ४ मङ्सिर/

तिलगङ्गा सामुदायिक आँखा अस्पतालको आयोजनामा मङ्गलवार पटेर्वासुगौली गाउँपालिकाको गादीमा निश्शुल्क आँखा उपचार शिविर सम्पन्न भएको छ।

शिविरमा १२९ पुरुष र १२५ महिला गरी २५४ जनाको आँखा परीक्षण गरिएको थियो। आँखा परीक्षण गरिएकामध्ये ५१ जनामा मोतीबिन्दु फेला परेको छ। मोतीबिन्दु भएकाहरूको यही ७ गते शुक्रवार तिलगङ्गा सामुदायिक आँखा अस्पताल, निचुटामा निश्शुल्क शल्यक्रिया गरिने जानकारी गराइएको छ।

## 'अन्धविश्वास मूर्खता हो'

प्रस, वीरगंज, ४ मङ्सिर/

भौतिकवादी समाज, नेपाल सप्तरी जिल्लाको प्रथम जिल्ला सम्मेलन खडक नगरपालिका–५ खरचुहिया बजारस्थित योग भवनमा मङ्गलवार सम्पन्न भएको छ।

भेलामा भौतिकवादी समाज, नेपालका अध्यक्ष श्रमजीवीले २१औं शताब्दीमा नेपाली समाजभित्र मङ्गलवार दाढी नकाट्ने, बिहीवार नङ नकाट्ने, अमुक दिन पूर्व, पश्चिम, उत्तर, दक्षिण नजाने, फलानो दिन भदवा लाग्ने आदि इत्यादि अन्धविश्वासमा पर्नु मूर्खताको मात्रै परिचय भएको बताए।

उनले सिराहा जिल्लामा चलिरहेको भूत खेल्ने मेलाको रूपमा प्रख्यात कमलामाई मेलामा यस वर्ष दुईजना बच्चा डुबेर मरेको प्रसङ्ग कोटयाउँदै साँच्चिकै कमलामाई छ र उनले धामीझाँक्रीलाई सिद्धि गराउँछन् भने उनकैअगाडि दुईजना बच्चा कसरी डुबेर मरे भनी प्रश्न गरे। उनले यसबारेमा आजको पुस्ताले प्रश्न गर्नुपर्ने र विवेकशील बन्नुपर्ने बताए।

सिराहा जिल्ला भौतिकवादी समाजका अध्यक्ष शिवकुमार महराले नवगठित कार्यसमितिलाई भौतिकवादी जीवनशैली अपनाउन आग्रह गरे।

भेलाले सियाराम रामको नेतृत्वमा १५ सदस्यीय जिल्ला समिति चयन गरेको छ। समितिको उपाध्यक्ष कुन्चुनकुमारी राम, सचिव रामनाथ मण्डल, कोषाध्यक्ष लक्ष्मण बतिरामलगायत सदस्यहरू छन्।

# खेलकूदको संसार

## नेपाल प्रिमियर लिगको खेल तालिका सार्वजनिक

काठमाडौं, ४ मङ्सिर/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले यही मङ्सिर १५ गतेदेखि हुने नेपाल प्रिमियर लिग (एनपिएल)को खेलतालिका सार्वजनिक गरेको छ। क्यानले सोमवार नेपाल प्रिमियर लिगको खेलतालिका सार्वजनिक गरेको हो। क्यानका अनुसार मङ्सिर १५ गते हुने उद्घाटन खेलमा विराटनगर किङ्स र जनकपुर बोल्ट्सबीच प्रतिस्पर्धा हुनेछ।

उद्घाटन खेल मध्याह्न १२:१५ बजे त्रिवि क्रिकेट मैदान, कीर्तिपुरमा हुनेछ। मङ्सिर १६ गते कुनै पनि खेल राखिएको छैन। कीर्तिपुर नगरपालिकासहित देशका विभिन्न स्थानमा हुन गइरहेको स्थानीय तहको उपनिर्वाचनले मङ्सिर १६ गते कुनै पनि खेल नराखिएको हो।

मङ्सिर १७ देखि २४ गतेबाहेक पुस १ गतेसम्म निरन्तर लिग चरणका खेल हुनेछन्। मङ्सिर १७ देखि मङ्सिर ३० गतेसम्म (मङ्सिर २४ गतेबाहेक) दिनमा दुईवटा खेल हुनेछन्। पहिलो खेल बिहान ९:१५ देखि र दोस्रो खेल दिउँसो १:१५ बजेदेखि शुरू हुनेछन्। पुस १ गते भने एक खेल मात्रै हुनेछ।

**यस्तो छ लिग चरणको खेलतालिका ?**

मङ्सिर १५ गते हुने उद्घाटन खेलमा विराटनगर किङ्स र जनकपुर बोल्ट्सबीच प्रतिस्पर्धा भएपछि दोस्रो खेल मङ्सिर १७ गते हुनेछ। यस्तै, १७ गते बिहान ९:१५ बजे हुने पहिलो खेलमा काठमाडौं गुर्खाज र चितवन राइनोज भिड्नेछन् भने दिउँसो १:१५ बजेदेखि हुने दोस्रो खेलमा जनकपुर बोल्टस् र कर्णाली याक्स भिड्नेछन्।

मङ्सिर १८ गतेको पहिलो खेलमा सुदूरपश्चिम रोयल्स र विराटनगर किङ्स, दोस्रो खेलमा चितवन राइनोज र पोखरा एभेन्जर्सबीच प्रतिस्पर्धा हुनेछ। यसैगरी, १९ गते पहिलो खेलमा कर्णाली याक्स र काठमाडौं गुर्खाज, दोस्रो खेलमा विराटनगर किङ्स र लुम्बिनी लायन्स भिड्नेछन् भने २० गते हुने पहिलो खेलमा पोखरा एभेन्जर्स र जनकपुर बोल्ट्स, दोस्रो खेलमा काठमाडौं गुर्खाज र सुदूरपश्चिम रोयल्सबीच खेल हुनेछ। यस्तै, २१ गते पहिलो खेलमा कर्णाली याक्स र चितवन राइनोज, दोस्रो खेलमा लुम्बिनी लायन्स र पोखरा एभेन्जर्स भिड्नेछन् भने २२ गते हुने पहिलो खेलमा लुम्बिनी लायन्स र सुदूरपश्चिम, दोस्रो खेलमा कर्णाली याक्स र विराटनगर किङ्सबीच खेल हुनेछ।

मङ्सिर २३ गते पहिलो खेलमा जनकपुर बोल्ट्स र लुम्बिनी लायन्स, दोस्रो खेलमा सुदूरपश्चिम रोयल्स र चितवन राइनोजबीच भिडन्त हुने क्यानले जारी गरेको खेलतालिकामा उल्लेख गरिएको छ। त्यस्तै, २५ गते हुने पहिलो खेलमा चितवन राइनोज र लुम्बिनी लायन्स, दोस्रो खेलमा कर्णाली याक्स र पोखरा एभेन्जर्सबीच भिडन्त हुनेछ। यही २६ गते पहिलो खेलमा जनकपुर बोल्ट्स र सुदूरपश्चिम रोयल्स, दोस्रो खेलमा काठमाडौं गुर्खाज र लुम्बिनी लायन्स भिड्नेछन्।

मङ्सिर २७ गते हुने पहिलो खेलमा पोखरा एभेन्जर्स र विराटनगर किङ्स, दोस्रो खेलमा जनकपुर बोल्ट्स र काठमाडौं गुर्खाज भिड्नेछन् भने २८ गतेको पहिलो खेलमा लुम्बिनी लायन्स र कर्णाली याक्स, दोस्रो खेलमा विराटनगर किङ्स र चितवन राइनोजबीच प्रतिस्पर्धा हुनेछ।

त्यसैगरी, २९ गते हुने पहिलो खेलमा पोखरा एभेन्जर्स र काठमाडौं गुर्खाज, दोस्रो खेलमा चितवन राइनोज र जनकपुर बोल्ट्सबीच खेल हुनेछ भने ३० गतेको पहिलो खेलमा विराटनगर किङ्स र काठमाडौं गुर्खाज र दोस्रो खेलमा पोखरा एभेन्जर्स र सुदूरपश्चिम रोयल्स भिड्नेछन्।

**यस्तो छ, लिग चरणपछिको तालिका**

लिग चरणका खेलहरू सकिएपछि शीर्ष चारमा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन्। आगामी पुस ३ गते पहिलो क्वालिफायर र इलिमिनेटर खेल हुनेछन्। ३ गते बुधवार बिहान ९:१५ बजे इलिमिनेटर खेल हुनेछ। जसमा लिग चरणको खेलमा तेस्रो र चौथो स्थानमा रहने टोलीबीच प्रतिस्पर्धा हुनेछ। इलिमिनेटर खेलमा विजयी हुने टोलीले दोस्रो क्वालिफायरमा स्थान बनाउनेछन्।

त्यस्तै, पुस ३ गते नै दिउँसो १:१५ बजे पहिलो क्वालिफायरको खेल हुनेछ, जसमा लिग चरणको शीर्ष स्थानमा रहेको टोली र दोस्रो स्थानमा रहेको टोली भिड्नेछन्। पहिलो क्वालिफायरको खेल जित्ने टोली सीधैं फाइनलमा प्रवेश गर्छ भने पराजित भएको टोलीले दोस्रो क्वालिफायरको खेलमा स्थान बनाउँदै पुनः एकपटक फाइनलमा पुग्ने अवसर पाउँछ।

दोस्रो क्वालिफायर खेल पुस ४ गते बिहीवार मध्याह्न १२:१५ बजे हुनेछ। जसमा पहिलो क्वालिफायरमा पराजित भएको टोली र इलिमिनेटर खेलमा विजयी भएको टोलीबीच प्रतिस्पर्धा हुनेछ। दोस्रो क्वालिफायर खेल जित्ने टोली फाइनलमा प्रवेश गर्छ।

एनपिएलको फाइनल खेल आगामी पुस ६ गते शनिवार मध्याह्न १२:१५ बजे हुनेछ। फाइनल खेलमा पहिलो क्वालिफायर खेल जितेको टोली र दोस्रो क्वालिफायर जित्ने टोली उपाधिका लागि भिड्नेछन्।

## चितवन राइनोजको 'जर्सी' सार्वजनिक

चितवन, ४ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) टोली चितवन राइनोजले जर्सी सार्वजनिक गरेको छ। सोमवार साँझ एक कार्यक्रमका बीच जर्सी सार्वजनिक गरिएको हो।

भरतपुर महानगरपालिकाकी प्रमुख रेणु दाहाल, चितवन मेडिकल कलेजका प्रबन्ध निर्देशक प्राडा हरिशचन्द्र न्यौपाने, चितवन राइनोज क्लबका अध्यक्ष आयुष न्यौपाने, टीम प्रशिक्षक उमेश पटयाल, खेलाडी कुशल मल्लसहितले संयुक्तरूपमा




जर्सी सार्वजनिक गरेका थिए।

कार्यक्रममा एकसिङ्गे गैंडाको मस्कट, पञ्चेबाजासहित टोलीका खेलाडी जर्सी लगाएर सार्वजनिक भएका थिए। चितवन मेडिकल कलेजको स्वामित्वमा रहेको चितवन राइनोज टीमको 'थिम सङ' पनि सोमवार सार्वजनिक गरिएको छ।

कार्यक्रममा भरतपुर महानगरपालिकाकी प्रमुख दाहालले महानगरले खेल र खेलाडीलाई सदैव प्रोत्साहन गर्ने बताइन्। दक्ष र क्षमतावान् खेलाडी जन्माउन महानगरले खेल क्षेत्रमा लगानी बढाइरहेको उनको भनाइ थियो।

उनले भनिन्, "हामीले गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणलाई गति दिइरहेका छौं। यो रङ्गशाला निर्माण भएपछि दक्ष खेलाडी उत्पादन हुने क्रम अझै बढ्छ।"

चितवन राइनोजका मार्की खेलाडी मल्लले खेल जित्ने उच्च मनोबलका साथ लागिरहेको बताए। चितवन राइनोज क्लबका अध्यक्ष न्यौपानेले टीमले क्षमतावान् खेलाडीलाई समावेश गरेकाले खेल जित्ने दाबी गरे।

यो टीममा कुशल मल्ल, अमरसिंह रौतेला, विपिन रावल, दीपक बोहरा, दीपेश श्रेष्ठ, गौतम केसी, कमलसिंह ऐरी, रञ्जीतकुमार, रिजन ढकाल, सन्तोष कार्की, शरद भेस्वाकर छन्। टीमले विदेशी खेलाडी रवि बोपरा, मर्साडी लङ्गा, ल्यूक मार्टिन बेनकेन्स्टाइन, हसन इसाखिल, जान निकोल लोफ्टी–इटनलाई पनि समावेश गरेको छ।

चितवनमा सन् १९९४ मा गठित चितवन राइनो क्रिकेट क्लबका तत्कालीन कप्तान मनीष सापकोटा र अन्य खेलाडीलाई चितवन राइनोजको जर्सी उपलब्ध गराउनुका साथै राइनो क्लबले त्यो समयमा खेल्ने गरेको पुरानो ब्याट चितवन राइनोजलाई उपहार दिएको थियो।